apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १७९ ● पृष्ठः ४ ● ३२ असार २०८३ विहीबार (16 July 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




## व्यवसायी एकता र संस्थागत सुदृढीकरणमा जोड

### सिरहा सुनचाँदी व्यापार संघको नवौं वार्षिक साधारण सभा सम्पन्न

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३१ गते**



सिरहा सुनचाँदी व्यापार संघको नवौं वार्षिक साधारण सभा व्यवसायीहरूको उल्लेखनीय सहभागिताबीच सम्पन्न भएको छ। साधारण सभाले व्यवसायीहरूको हकहित संरक्षण, संस्थागत सुदृढीकरण, व्यवसायमैत्री वातावरण निर्माण तथा आपसी एकतालाई थप मजबुत बनाउने विषयमा जोड दिएको छ।

संघका अध्यक्ष नागेश्वर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका केन्द्रीय द्वितीय उपाध्यक्ष सुधिर अग्रवाल प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा महासंघका मधेश प्रदेश प्रमुख पवन ठाकुर, सिरहा नगरपालिकाका नगरप्रमुख डा. नवीन कुमार यादव तथा सिरहा उद्योग वाणिज्य संघका अध्यक्ष अमरनाथ साह विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। त्यसैगरी सिरहा सुनचाँदी व्यवसायी संघका महासचिव सुरेश कुमार पौद्दार, वडा प्रहरी कार्यालय सिरहाका प्रमुख, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधि, संघका पूर्व पदाधिकारी, कार्यसमिति सदस्य तथा जिल्लाभरका सुनचाँदी व्यवसायीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा संघका उपाध्यक्ष मोहन विश्वकर्माले स्वागत मन्तव्य व्यक्त गर्दै व्यवसायीहरूबीच आपसी विश्वास, सहकार्य र संस्थागत एकतालाई अझ सुदृढ बनाउँदै संघलाई प्रभावकारी रूपमा अघि बढाउन सबै सदस्यको सक्रिय सहभागिता आवश्यक रहेको बताए।

प्रमुख अतिथि सुधिर अग्रवालले पानसमा दीप प्रज्वलन गरी साधारण सभाको औपचारिक उद्घाटन गरेका थिए।

साधारण सभामा संघका महासचिव शत्रुधन प्रसाद साहले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विगत एक वर्षमा संघले सञ्चालन गरेका गतिविधि, व्यवसायी हितका लागि गरिएका पहल तथा आगामी कार्ययोजनाबारे जानकारी गराए। त्यसपछि कोषाध्यक्ष सियाराम साहले आर्थिक प्रतिवेदन तथा आय-व्यय विवरण प्रस्तुत गरेका थिए।

शुभकामना मन्तव्यका क्रममा सिरहा नगरपालिकाका नगरप्रमुख डा. नवीन कुमार यादवले सुनचाँदी व्यवसाय नेपाली समाजको प्रतिष्ठित, परम्परागत तथा महत्वपूर्ण व्यवसाय

बाँकी पृष्ठ ३ ▸▸

## मिटरब्याज पीडितलाई गृहमन्त्रीको आश्वासन-समस्या समाधान गर्छौं



**अपन दैनिक संवाददाता**
**बारा, असार ३१ गते**

उद्योग अनुगमन र खोला निरीक्षणमा व्यस्त भएर घण्टौं ढिलाइ गरे पनि गृहमन्त्री सुधन गुरुङले बुधबार साँझ निजगढमा कुरेर बसेका मिटरब्याज पीडितहरूसँग भेटवार्ता गरेका छन्।

उनले पीडितलाई मन्त्रिपरिषद्को निर्णयबाट समस्याको समाधान गर्ने आश्वासन दिएका छन्।

बुधबार साँझ ढिलो गरी भएको वार्तामा उनले पीडितका माग सम्बोधनका लागि सरकारले आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाए।

यसअघि मंगलबार राति १० बजेसम्म चलेको पहिलो चरणको वार्तापछि बुधबार दिउँसो १२ बजे पुनः छलफल गर्ने सहमति भएको थियो । निजगढ उद्योग वाणिज्य सङ्घको सभाहलमा वार्ताको प्रतिबद्धता जनाएर सिमरा प्रस्थान गरेका गृहमन्त्री गुरुङ बुधबार साँझ ७ बजेसम्म पनि वार्तास्थल नपुग्दा कुरेर बसेका पीडितहरू निराश बनेका थिए।

वार्ताका लागि प्रतिक्षारत पीडित

बाँकी पृष्ठ ४ ▸▸

## उच्च अदालत जनकपुरमा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्योट

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ३१ गते**




उच्च अदालत जनकपुरले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्योट गर्न सफल भएको छ। चालु आवमा ७०.८८ प्रतिशत फैसला दर हासिल गरेको पत्रकार सम्मेलन गरी अदालतले जनाएको छ।

अदालतले मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको असार ३१ गतेसम्म कुल ६ हजार ५२६ मुद्दा दर्ता भएकामा ४ हजार ६१९ मुद्दाको फैसला भएको जनाएको छ। एक हजार ८९७ मुद्दा बाँकी रहेका छन्।

अदालतका अनुसार यस आर्थिक वर्षका लागि ४ हजार ५५६ मुद्दा फछ्र्योट गर्ने लक्ष्य तोकिएको थियो। तर, लक्ष्यभन्दा ६३ मुद्दा बढी फछ्र्योट गर्दै १०१.६० प्रतिशत लक्ष्य प्रगति हासिल गरिएको कामु मुख्य न्यायाधीश टेकनारायण कुवरले बताए।

पत्रकार सम्मेलनमा प्रस्तुत विवरणअनुसार जिम्मेवारी सरेर आएका २ हजार २७१ मुद्दा र नयाँ दर्ता भएका ४ हजार २५५ गरी कुल ६ हजार ५२६ मुद्दामध्ये ७०.८८ प्रतिशत मुद्दा फछ्र्योट भएका छन्।

अदालतमा अहिले १८ महिनाभन्दा बढी पुराना र दुई वर्षभन्दा बढी समय पुगेका सबै मुद्दा शून्यमा झारिएको मुख्य न्यायाधीश कुवरले जानकारी दिए।

पछिल्ला पाँच आर्थिक वर्षको तुलनात्मक विवरणले पनि अदालतको कार्यसम्पादनमा उल्लेखनीय सुधार देखिएको छ। आर्थिक वर्ष २०७८/७९ मा ४९.१५ प्रतिशत फैसला दर रहेको अदालतले २०७९/८० मा ४४.१७ प्रतिशत, २०८०/८१ मा ७१.१३ प्रतिशत, २०८१/८२ मा ६६.०७ प्रतिशत र चालु आर्थिक वर्षमा ७०.८८ प्रतिशत फैसला दर हासिल गरेको तथ्यांकमा उल्लेख छ।

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेश सभाः भत्ता र इन्धनमै करोडौँ खर्च, तीन वर्षमा १६ वटा कानुन निर्माण

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३१ गते**




मधेश प्रदेश प्रदेशसभाको दोश्रो कार्यकालमा कामभन्दा बढी सेवा सुविधामा पदाधिकारी तथा सदस्यहरु सक्रिय देखिएका छन्। ठूलो धनराशी खर्चिएका मधेश प्रदेश सभाले कानुन निर्माण निकै सुस्त निस्क्रिय जस्तै देखिएका छन्।

प्रदेशसभा सचिवालयका अनुसार पछिल्ला गत तीन आर्थिक वर्षमा पदाधिकारीहरूको इन्धन सुविधामा दुई करोड १४ लाख २९ हजार ६१६ रुपैयाँ खर्च भएको छ भने गाडी मरम्मत सम्भारमा मात्रै एक करोड ९० लाख २९ हजार ४५९ रुपैया खर्चेको छ।

प्रदेश सभाले उपलब्ध गराएको तथ्यांक अनुसार इन्धनतर्फ आर्थिक वर्ष २०८०/८१ मा ६७ लाख पाँच हजार ५९२ रुपैयाँ, आव २०८१/८२ मा ८० लाख २१ हजार ७८४ रुपैयाँ र आव २०८२/८३ मा ६७ लाख दुई हजार २४० रुपैयाँ खर्च गरिएको छ।

गाडी मर्मततर्फ आव २०८०/८१ मा ६५ लाख सात हजार ६९२ रुपैयाँ,

बाँकी पृष्ठ ३ ▸▸

## मधेश प्रदेशको मिडिया काउन्सिल सदस्यको विज्ञापनविरुद्ध मुद्दा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३१ गते**




मधेश प्रदेशको मिडिया काउन्सिलले सदस्य पदका लागि आह्वान गरेको विज्ञापनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको छ।

अधिवक्ता रकीप्रसाद साहले प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयसहित तीन कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दिएका हुन्। ऐनविपरीत विज्ञापन आह्वान भएकाले रिट निवेदन दर्ता गरेको साहले बताए।

प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा मिडिया काउन्सिलको सदस्यका लागि उमेर र शैक्षिक योग्यताबारे उल्लेख नभए पनि असार २३ गते आह्वान गरेको विज्ञापनमा उमेर र शैक्षिक योग्यताबारे उल्लेख गरेकाले मुद्दा दायर गरेको उनले जनाए।

मिडिया काउन्सिलको सदस्यको विज्ञापनमा ३५ वर्ष उमेर पूरा भई ६० ननाघेको तथा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने उल्लेख छ। साहले बुधबार दर्ता गराएको रिटमा बिहीबार सुनुवाइका लागि पेसी तोकिएको छ।

## सिरहा जिल्ला अदालतमा नयाँ मुद्दा दर्ता एक साताका लागि बन्द




**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३१ गते**

सिरहा जिल्ला अदालतले आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना निर्माण, आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन तयारी तथा नयाँ दायरी दर्तालगायत व्यवस्थापकीय कार्य गर्नुपर्ने भएकाले नयाँ मुद्दा दर्ता एक साताका लागि बन्द गरिएको जनाएको छ।

अदालतद्वारा जारी सूचनाअनुसार असार ३२ गतेदेखि साउन ६ गतेसम्म हदम्याद व्यतीत हुने तथा बन्दी प्रत्यक्षीकरणका निवेदनबाहेक अन्य नयाँ मुद्दा दर्ता गरिने छैन।

अदालतले साउन ७ गतेदेखि नयाँ मुद्दा दर्ता नियमित रूपमा सञ्चालन हुने जनाएको छ।

यस सम्बन्धमा सेवाग्राही तथा सरोकारवाला सबैलाई जानकारीका लागि अदालतले अनुरोध गरेको छ।



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

## मिटरब्याज पीडितको समस्या र सरकारको भूमिका

जनकपुरको तिरहुतिया गाछीबाट असार २५ गते सुरु भएको मिटरब्याज तथा ठगीविरुद्धको पैदल न्याय मार्च जारी छ। राज्यको न्याय प्रणालीमाथिको गम्भीर प्रश्न यसले उठाएको छ । वर्षौंदेखि शोषण, ठगी र अन्यायको चपेटामा परेका नागरिकहरू फेरि सडकमा उत्रिन बाध्य भएका छन्। जब पीडितले न्याय पाउन अदालत, प्रशासन र सरकारभन्दा सडकलाई प्रभावकारी माध्यम ठान्न थाल्छन्, त्यसले राज्य संयन्त्रप्रतिको विश्वास कमजोर भएको संकेत गर्छ। नेपालका ग्रामीण क्षेत्रमा मिटरब्याज कुनै सामान्य आर्थिक कारोबारको विषय मात्र होइन। यो गरिब, किसान, मजदुर र विपन्न वर्गमाथिको संगठित आर्थिक शोषणको रूप हो। सानो ऋणको बदलामा चर्को ब्याज असुल्ने, फर्जी लिखत तयार गराउने, घरजग्गा कब्जा गर्ने र पीडितलाई सामाजिक तथा मानसिक यातना दिने प्रवृत्तिले हजारौं परिवारलाई विस्थापन र गरिबीको दुष्चक्रमा धकेलेको छ। आर्थिक अभाव, कानुनी चेतनाको कमी र प्रभावशाली साहु-महाजनको पहुँचका कारण पीडितहरूले लामो समयसम्म अन्याय सहन बाध्य भएका छन्।

विगत चार वर्षमा पीडितहरूले आन्दोलन, धर्ना, प्रदर्शन र सरकारसँग पटक-पटक वार्ता गरेका छन्। आन्दोलनकै दबाबमा सरकारले मिटरब्याज नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था पनि ल्यायो। तर कानुन निर्माण हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन्। यदि कानुनले वास्तविक पीडितलाई न्याय दिन सकेन भने त्यो केवल कागजी उपलब्धिमा सीमित हुन्छ। यही कारण आन्दोलनकारीहरूले अहिले पनि फर्जी लिखत खारेज, शक्तिशाली विशेष ऐन निर्माण, विशेष न्यायाधिकरण गठन, साहु-महाजनको सम्पत्ति छानबिन, पीडितको सम्पत्ति फिर्ता र न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चित गर्नुपर्ने माग दोहोर्याइरहेका छन्। यी मागलाई आन्दोलनकारीको आग्रहका रूपमा हेर्न मिल्दैन। राज्यले कानुनी शासन स्थापित गर्ने हो भने ठगी र शोषणबाट आर्जित सम्पत्तिको निष्पक्ष अनुसन्धान, पीडितको अधिकारको संरक्षण र दोषीलाई कानुनी दायरामा ल्याउने दायित्व निर्वाह गर्नैपर्छ। विशेष गरी फर्जी कागजातका आधारमा भएको सम्पत्ति हस्तान्तरणलाई तत्काल खारेज गर्ने र पीडितलाई वास्तविक स्वामित्व फिर्ता गराउने प्रक्रिया सरल, छिटो र प्रभावकारी बनाउन आवश्यक छ।

सरकारले आन्दोलनलाई वार्ताको माध्यमबाट तत्काल शान्त पार्ने प्रयासमा सीमित हुनु हुँदैन। विगतमा लिखित सहमति र सार्वजनिक प्रतिबद्धता कार्यान्वयनमा नजाँदा समस्या झन् जटिल बन्दै गएको छ। त्यसैले अहिलेको वार्ता परिणाममुखी हुनुपर्छ। स्पष्ट समयसीमा, कार्यान्वयन संयन्त्र, नियमित अनुगमन र पीडितको प्रत्यक्ष सहभागितासहितको योजना बन्नु पर्छ। मिटरब्याजको समस्या कानुनी कमजोरीको परिणाम होइन। यो ग्रामीण अर्थतन्त्रको असन्तुलन, औपचारिक वित्तीय पहुँचको अभाव र राज्यको कमजोर उपस्थितिसँग पनि जोडिएको छ। जब किसान र मजदुरले सहज रूपमा बैंक तथा सहकारीबाट ऋण पाउँदैनन्, उनीहरू बाध्य भएर साहु-महाजनको चर्को ब्याजमा निर्भर हुन्छन्। त्यसैले दीर्घकालीन समाधानका लागि सहुलियतपूर्ण ऋण व्यवस्था, वित्तीय साक्षरता, प्रभावकारी सहकारी प्रणाली र स्थानीय तहको सक्रिय निगरानी पनि उत्तिकै आवश्यक छ। यसलाई सामान्य विरोधका रूपमा बेवास्ता गरियो भने राज्यप्रतिको जनविश्वास अझ कमजोर बन्न सक्छ। मिटरब्याज पीडितका आँसु, पीडा र संघर्ष फेरि आश्वासनको भारीले थिचिनु हुँदैन। सरकारको परीक्षा अब वार्ताको टेबलमा होइन, त्यसपछि हुने कार्यान्वयनमा हुनेछ। त्यसैले प्रधानमन्त्री बालेन शाहको नेतृत्वको यो सरकारले पीडित न्याय प्रदान गर्न विशेष पहल गर्नुपर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

# रास्वपा नै सत्तापक्ष, रास्वपा नै विपक्ष



रमेश सापकोटा

पुराना दलले गरेनन, सकेनन् भन्ने भाष्यका बीच उदाएको शक्तिशाली राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार एक सय दिन नाघेलगत्तै नराम्ररी हल्लिएको छ। यो नागरिकले आँखा चिम्लिएर दुईतिहाइ मत खन्याएपछि बनेको बलियो सरकार हो। तर, प्रतिपक्ष र विपक्षीले होइन, आफ्नै कारणले सरकार हल्लिन पुगेको छ।

२७५ सदस्यीय संसदमा रास्वपा एक्लैसँग १८३ (एक स्वतन्त्रसहित) सांसद छन्, जुन दुईतिहाइलाई एक सिट मात्रै कम हो। यो गणितमा विपक्षीले चाहेर पनि रास्वपालाई उछिन्न सक्दैनन्। अर्थात् वैकल्पिक सरकारका लागि विपक्षीले कुनै पनि हालतमा बहुमत जुटाउन सक्ने स्थिति छँदै छैन। ठूलो रापताप र अपेक्षाबीच आएकाले बलियो जनमतको बलमा सरकारलाई काम गर्ने स्वर्णिम अवसर थियो, छ।

तर, एक सय दिन नाघिसक्दाका सरकारको कदमलाई लिएर विपक्षीको विरोध नचाहिने भएको छ। सरकारकै कदमले 'रास्वपा नै सत्तापक्ष, रास्वपा नै विपक्ष' जस्तो भएको छ। सरकारका काम गराइका तौरतरिकाले यस्तै नतिजा दिएका हुन्।

सरकारको विरोधमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राप्रपा, श्रम संस्कृति पार्टीले आलोचनात्मक समर्थन गर्दै आएका छन्। बजेट, विधेयकजस्ता विषयमा बरु विपक्षी धेरै हदसम्म उदार बनेका छन्।

तर, विपक्षीका प्रमुख सचेतक होइन, रास्वपाकै सचेतक सरकारको कार्यशैलीको आलोचक बनेर उभिएका छन्। सचेतकद्वय क्रान्तिशिला धितालदेखि प्रकाशचन्द्र परियारसम्मले सरकारको कदमको खुलेर विरोध गरेका छन्। झण्डै एक दर्जन रास्वपाका सांसदले सरकारको कमजोर कार्यशैलीमाथि संसदबाटै निर्ममतापूर्वक आवाज उठाएका छन्।

आलोचना ज्यादै नै हुन थालेपछि सभापति रवि लामिछानेले नै प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'सँग आफ्नै निवासमा छलफल गरेका छन्।

सो छलफलका क्रममा रविले प्रस्टै रूपमा सरकारले सुकुम्बासीको व्यवस्थापनमा गरेको कमजोर तयारीबारे प्रश्न उठाएका थिए। प्रतिनिधिसभाको बैठकमा आएको बेला रवि स्वयम्ले सञ्चारकर्मीलाई सो जानकारी गराएका थिए।

'हामीले सम्पूर्ण विषयमा छलफल गर्‍यौं। तर, विशेष गरी सुकुम्बासी समस्याको समाधानका लागि जे कदम चाल्नुपर्थ्यो, त्यसलाई प्रभावकारी बनाउनुपर्‍यो। आमनागरिकले दुःख पाउनु भएन। व्यवस्थापनको विषयमा बढी चिन्ता गर्नुपर्छ भन्नेबारेमा छलफल गर्‍यौं,' रविले भनेका थिए, 'अन्य उठेका सम्पूर्ण विषयमा घनीभूत रूपमा छलफल गर्‍यौं। राष्ट्रिय राजनीति, विभिन्न परिस्थिति, भोलिको बाटोको विषयमा दुई शीर्ष नेताबीच छलफल भएको छ। सौहार्द रूपमा राम्रो परिणाममुखी छलफल भयो।'

सो भेटमा रविले सरकारको काममा प्रश्न उठाउँदा बालेनको निसाना पार्टीको कामप्रति थियो। कार्यसम्पादन राम्रो गर्न नसकेका मन्त्री फेर्नसमेत तयार हुनुपर्ने रविको आशयलाई बालेनले नरुचाएको बताइन्छ। बरु उल्टै बालेनले पार्टी सञ्चालनको प्रक्रिया, मनोनीत गर्न बाँकी पदाधिकारी र केन्द्रीय सदस्यसहितका विषय कहिले टुंगिन्छ भनेर प्रश्न उठाएका थिए।

भारत भ्रमण, महाधिवेशन शक्ति आर्जन गरेपछि रास्वपाका सांसद थप मुखरित हुन थालेका हुन्। चितवनबाट जब रास्वपा पहिलो महाधिवेशन गरेर फर्कियो। त्यसयता नै रास्वपामा यस्ता अन्तुष्टि र विग्रहका आवाज सुनिएका हुन्, जुन विवाद बढ्नुमा सरकारले सुकुम्बासी व्यवस्थापनको नाममा गरेको कमजोरी, प्रधानमन्त्रीबाटै आएका अभिव्यक्तिदेखि पछिल्लोपटक एक युवाले आत्मदाह गरेर मृत्युवरण गरेका घटनासम्म छन्। मुख्यतया यी तीनवटा घटनाले बलियो रास्वपाभित्र तनाव, दबाब र उकुसमुकुस रहेको प्रस्टै देखाएको छ।

सुरुमा बोल्दा न्यूनतम हनिमुन अवधि पनि नदिएको आरोप लाग्ने स्थितिलाई रास्वपाका सांसदहरूले ख्याल गरेका छन्। जब एक सय दिन नाघ्यो, तब उनीहरूले संसदबाटै विपक्षी सांसदको शैलीमा सरकारको कार्यसम्पादन र प्रस्तुतिमाथि प्रश्न उठाएका हुन्। कतिपय नेताले त सामाजिक सञ्जालमार्फतबाट समेत खरो टिप्पणी गरेका छन्।

महाधिवेशनमा महामन्त्रीमा पराजित भएका मनिष झाले बुधबार बिहान सामाजिक सञ्जालमार्फत गरेको टिप्पणी निकै गम्भीर प्रकृतिको छ।

'सञ्चारगृह र अन्य स्थानमा गाडी राखेर अवरोध गर्ने काम गलत हो। यसमा जो संलग्न छ, अनुसन्धान र कारबाही हुनुपर्छ। राज्यले नागरिकको चिन्ता निराकरण गर्ने हो। राज्यले आफैं थप आतंकित बनाउने होइन,' झाले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस्तो बचपना देखाएर राजकाज चल्छ ? के यस्तै स्तरहीन र गलत प्रयोग गर्न जेन-जी सहादत भएको हो ? यस किसिमको कामप्रति घोर आपत्ति छ।' यसअघिसम्म सत्ताकै आडमा यस्तो भइरहेको आरोप लागेकोमा झाले थप पुष्टि गरिदिएका हुन्।

सुकुम्बासी व्यवस्थापनको सरकारको कमजोरी र शेयरिङ राइडर गणेश नेपालीको आत्मदाह गरेपछि नगर प्रहरीको कमजोर व्यवस्थापनबारे मिडियाले टिप्पणी गरेका थिए। तर, समाचार आएकै आधारमा केही मिडिया कार्यालय, खुला ठाउँ, भाटभटेनीको आउटलेटमा शंकास्पद रूपमा कार पार्किङ गरिएको थियो। खुला पार्किङको विरोधमा मिडिया उत्रिएको आशयमा सरकारको संलग्नता यस्ता गतिविधि भएको आरोप विपक्षी, मिडियादेखि रास्वपाकै नेताले लगाएका छन्, जसले सरकारलाई नै थप दबाब सिर्जना गरेको थियो।

आत्मदाह गरेका नेपालीबारे नबोलेको रास्वपाले पार्टी मिडियामाथि दबाब बढाउन गरिएको पार्किङबारे खुलेर विरोध गरेको थियो। विज्ञप्ति नै निकालेर रास्वपा महामन्त्री विपिनकुमार आचार्यले शंकास्पद गतिविधिमा संलग्न जोसुकै भए पनि कारबाही गर्न सुझाएको थियो।

'प्रेस क्षेत्रलाई त्रसित बनाउने उद्देश्यबाट प्रेरित यस्ता र अन्य जुन कुनै कदमहरूको राष्ट्रिय स्वतन्त्र पार्टी भर्त्सना गर्दछ,' विज्ञप्तिमा भनिएको थियो, 'यी घटनाहरूको तत्काल, निष्पक्ष र सत्यतथ्य छानबिन गरी सम्पूर्ण सञ्चारमाध्यमको भौतिक तथा मनोवैज्ञानिक सुरक्षा सुनिश्चित गर्न र यस्ता शंकास्पद गतिविधिमा संलग्न जोसुकै भए पनि उनीहरूको तत्काल पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकार, गृह मन्त्रालय र सम्बन्धित सुरक्षा निकायको गम्भीर ध्यानाकर्षण गराउँदछौं।'

यो विज्ञप्तिपछि सभापति लामिछाने स्वयम्ले रास्वपाकै कार्यकर्ताले गरेको भए पनि कारबाही हुने प्रस्ट्याएका छन्।

'गलत हो, छानबिन गर्नुपर्छ, हुनुपर्छ भनेर रास्वपाले भनिसकेको छ। पार्टीले गम्भीरतापूर्वक विज्ञप्ति निकालिसकेको छ,' रविले भने, 'तत्काललाई के गरियो बेग्लै कुरा, घटनालाई हेर्ने पार्टीको स्पष्ट दृष्टिकोण छ। यो प्रवृत्ति अस्वाभाविक छ। पार्टी कारबाहीका लागि अडिग छ।'

उद्योगी व्यापारीको मनोबल बढाउन नसकेको, किसानलाई मल नदिएको, सेवाग्राहीलाई अपेक्षित सेवा दिन नसकेको, नियुक्तिमा पारदर्शी नबनेको,

**बाँकी पृष्ठ ३ ▶▶**

## आजको राशिफल

**मेष :** घरपरिवारका सदस्यहरूसँग केही समय बिताउँदा मानसिक शान्ति मिल्नेछ।

**बृष :** पुराना साथीभाइ वा दाजुभाइसँगको भेटघाट लाभदायक रहनेछ। छोटो दुरीको यात्राको सम्भावना छ।

**मिथुन :** बोलीको प्रभाव बढ्नेछ, जसका कारण रोकिएका आर्थिक कामहरू सुल्झिन सक्छन्।

**कर्कट :** आजको दिन मानसिक रूपमा निकै सक्रिय र उत्साहजनक रहनेछ।

**सिंह :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले बजेट बनाएर चल्नुहोला।

**कन्या :** आजको दिन आर्थिक दृष्टिकोणले निकै लाभदायक रहनेछ। आम्दानीका नयाँ स्रोतहरू फेला पर्न सक्छन्।

**तुला :** कार्यक्षेत्र वा व्यापार व्यवसायमा आज ठुलो सफलता मिल्ने योग छ।

**वृश्चिक :** लामो समयदेखि रोकिएका कामहरू भाग्यको साथले गर्दा स्वतः सुल्झिनेछन्।

**धनु :** आज स्वास्थ्यको मामलामा अलि सजग रहनुहोला। कार्यक्षेत्रमा केही चुनौती वा व्यवधानको सामना गर्नुपर्न सक्छ।

**मकर :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै मधुर रहनेछ।

**कुम्भ :** रोकिएका पुराना काम वा मुद्दा मामिलाहरू तपाईंको पक्षमा सुल्झिनेछन्।

**मीन :** शिक्षा, कला र साहित्य क्षेत्रमा लागेकाहरूका लागि आजको दिन निकै राम्रो छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनबाट एक हजार ६५० मेगावाट विद्युत् निर्यात गर्ने सहमति




अपन दैनिक संवाददाता
सिरहा, असार ३१ गते

नेपाल र भारतका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को बैठकले दुई अन्तरदेशीय प्रसारण लाइनमार्फत नेपालबाट निर्यात हुने विद्युत्को परिमाण एक हजार ६५० मेगावाट पुऱ्याउने सहमति गरेको छ।

पोखरामा बुधवार सम्पन्न सो बैठकको नेतृत्व नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले गरेकी थिइन्, भने भारतको नेतृत्व विद्युत् मन्त्रालयका सचिव पंकज अग्रवालले गरेका थिए।

हाल सञ्चालनमा रहेको ढल्केवर-मुजफ्फरपुर ४०० केभी अन्तर्देशीय प्रसारण लाइनबाट एक हजार मेगावाट आयात तथा एक हजार एक सय मेगावाट निर्यात हुँदैआएको छ।

अब दुई देशबीचको संयुक्त प्राविधिक टोलीले गरेको अध्ययनअनुसार ढल्केवर-मुजफ्फरपुर र ढल्केवर-सीतामढी ४०० के.भी. प्रसारण लाइनहरुबाट विद्युत् निर्यात बढाउने सहमति बैठकका भएको हो।

यी प्रसारण लाइनबाट संयुक्त विद्युत् प्रवाहको क्षमता आयाततर्फ एक हजार मेगावाटबाट एक हजार ४०० मेगावाट र निर्याततर्फ एक हजार १०० मेगावाटबाट एक हजार ६५० मेगावाट पुऱ्याउने सहमति भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

साथै, मुजफ्फरपुर-ढल्केवर ४०० केभी प्रसारण लाइनमा एचटीएल कन्डक्टर प्रयोग गरी क्षमता विस्तार (रिकन्डक्टरिङ)को कार्य गर्ने सम्बन्धी विस्तृत आयोजना प्रतिवेदन पनि स्वीकृत गरिएको जनाइएको छ।

सचिवस्तरीय बैठकअघि मंगलबार पोखरामै दुई देशका सहसचिव स्तरीय संयुक्त कार्यदलको बैठक भएको थियो। सो बैठकमा नेपालका तर्फबाट मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र भारतका विद्युत् मन्त्रालयका सहसचिव पंकज कुमारले सहअध्यक्षता गरेका थिए। सचिवस्तरीय बैठकमा संयुक्त कार्यदलका सिफारिसहरूबारे छलफल भएको पनि जनाइएको हो छ।

बैठकले चमेलिया (नेपाल)-जौलजीवी (भारत) बीच २२० केभी डबल सर्किट प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन पनि स्वीकृत गरेको थियो। यो आयोजना डिसेम्बर २०२८ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

त्यस्तै, नेपाल भारत बीच इनरुवा-न्यु पुर्निया र दोदोधरा (न्यू लम्की)-बरेली ४०० केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरुको निर्माणका लागि संयुक्त उपक्रम कम्पनी स्थापना गर्ने प्रक्रियालाई तीव्रता दिने सहमति पनि भएको छ।

ती दुई प्रसारण लाइन निर्माणका लागि नेपाल विद्युत प्राधिकरण र पावर ग्रिड कर्पोरेशन अफ इन्डियाबीच शेयर धनी सम्झौता (एसएचए) र संयुक्त उपक्रम (जेभी) सम्झौता सम्पन्न भइसकेको छ।

त्यसका साथै, सन् २०३४-३५ सम्मका लागि नेपालबाट थप विद्युत् भारत निर्यात गर्नका लागि आवश्यक दुई हाइभोल्टेज अन्तरदेशीय प्रसारण लाइनहरू निर्माण गर्ने निर्णय पनि बैठकले गरेको छ। त्यसमध्ये मोतिहारी (भारत)-निजगढ (नेपाल) ४०० केभी डबल सर्किट प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदनलाई स्वीकृत गरिएको छ।

साथै, लखनउ (भारत) तथा कोहलपुर-लम्ही (नेपाल) ४०० केभी प्रसारण लाइनको हकमा थप प्राविधिक अध्ययन गरी टुङ्गो लगाउने सहमति समेत भएको छ।

न्यू बुटवल गोरखपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनको नेपाल

बाँकी पृष्ठ ४ ▶▶

## व्यवसायी एकता र संस्थागत .............

भएको उल्लेख गर्दै यस क्षेत्रले स्थानीय अर्थतन्त्र, रोजगारी सिर्जना तथा सामाजिक-आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए। व्यवसायीहरूको हकहित संरक्षण, व्यवसायमैत्री वातावरण निर्माण तथा संस्थागत एकतालाई सुदृढ बनाउन संघले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको उनको भनाइ थियो।

उनले आवश्यक परेका बेला सिरहा नगरपालिकाको तर्फबाट संघलाई हरसम्भव सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका मधेश प्रदेश प्रमुख पवन ठाकुरले सहमति, सहकार्य र एकताको भावनासहित सक्षम तथा प्रभावकारी नेतृत्व चयन गरी संघलाई अझ सशक्त, गतिशील र व्यवसायीमैत्री दिशातर्फ अघि बढाउने विश्वास व्यक्त गरे।

प्रमुख अतिथि सुधिर अग्रवालले सुनचाँदी व्यवसायीहरूबीच आपसी एकता, सद्भाव र सहकार्य अझ सुदृढ हुनुपर्नेमा जोड दिँदै व्यवसायीहरूको साझा हितका लागि संघले अझ प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याए। उनले कार्यक्रमलाई जनसमक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सञ्चारकर्मी तथा पत्रकारहरूप्रति आभार व्यक्त गरे।

अध्यक्षीय मन्तव्यका क्रममा संघका अध्यक्ष नागेश्वर साहले संस्थागत एकता, पारदर्शिता र व्यवसायीहरूको साझा हितलाई केन्द्रमा राखेर संघलाई अघि बढाइने प्रतिबद्धता व्यक्त गरे। उनले नयाँ कार्यसमिति चयनका लागि सर्वसम्मतिको प्रयासलाई प्राथमिकता दिँदै एक साताको समय निर्धारण गरिएको जानकारी दिए।

उनका अनुसार निर्धारित अवधिभित्र सहमतिमै नयाँ नेतृत्व चयन गर्ने प्रयास गरिनेछ। यदि सहमति हुन नसके संघको विधानअनुसार आवश्यक निर्वाचन प्रक्रिया अघि बढाइनेछ।

साधारण सभाले व्यवसायीहरूको हकहित संरक्षण, संस्थागत सुदृढीकरण तथा व्यवसायमैत्री वातावरण निर्माणमा साझा प्रतिबद्धता व्यक्त गर्दै खुला सत्र सम्पन्न गरेको छ।

कार्यक्रमको सञ्चालन मनोज कुमार मण्डलले गरेका थिए।

## मधेश प्रदेश सभाः भत्ता र इन्धनमै करोडौं खर्च .............

आव २०८१/८२ मा ७३ लाख रुपैयाँ र आव २०८२/८३ मा ५२ लाख २१ हजार ७६७ रुपैयाँ खर्च भएको सचिवालयले उपलब्ध गराएको खर्च विवरणमा उल्लेख छ।

माथि उल्लेखित यी नियमित खर्च हुन्।

प्रदेशसभा सचिवालयका अनुसार प्रदेशसभामा ३९ वटा गाडी सेवासुविधामा परिचालित छन्। तीमध्ये सात वटा चालु अवस्थामा छैनन्। बाँकी गाडी सभामुख, उपसभामुख, सचिव, दलका संसदीय दलका नेता, दलका प्रमुख सचेतक र विषयगत समितिका सभापतिहरूले प्रयोग गरिरहेका छन्।

सभामुख रामअशिष यादवले एउटा गाडी प्रयोग गर्दै आएका छन् भने उनको पछुवा र सचिवालयका लागि एक/एकवटा गाडी दिइएको छ। उपसभामुख बबिता राउत ईसरले सचिवालयसहित दुई वटा गाडी प्रयोग गर्दै आएकी छन्।

यस्तै विषयगत सातवटै समितिका सभापति, संसदीय दलका नेता, प्रमुख सचेतक समेतले एउटा/एउटा गाडी लिएका छन्। निवर्तमान सभामुख रामचन्द्र मण्डल समेतले एउटा गाडी प्रदेश सभाबाट सुविधामा लिएका छन्।

### सभामुखभन्दा उपसभामुखको भत्ता धेरै

वर्तमान सभामुख रामआशिष यादवले हालसम्म बैठक भत्ता बुझेको छैनन्। तर निवर्तमान सभामुख रामचन्द्र मण्डलले गत तीन आर्थिक वर्षमा १ लाख ३३ हजार ४५० र उपसभामुख राउतले १ लाख ८५ हजार ४९५ रुपैयाँ बैठक भत्ता बुझेका छन्।

प्रदेश सभाको पदाधिकारीले सबभन्दा बढी भ्रमण भत्ता रकम बुझेका छन्। सभामुखकै हाराहारीमा उपसभामुखले पनि भ्रमण भत्ता बुझेका छन्। प्राप्त तथ्यांक अनुसार वर्तमान सभामुख यादवले ६३ हजार २४५ रुपैयाँ भ्रमण भत्ता वापत बुझेका छन् भने निवर्तमान सभामुख मण्डलले गत तीन वर्षमा १२ लाख ८३ हजार ९६१ रुपैयाँ र उपसभामुख राउतले १२ लाख ५४ हजार ११२ रुपैया बुझेका छन्।

उपसभामुखको भ्रमण भत्तामा बढी जनकपुर–काठमाडौँ रहेको छ। उनका श्रीमानसहित परिवार काठमाडौँमा बस्दै आएको कारण उनी अधिकांश समय काठमाडौँमै बिताउँदै आएको श्रोतको भनाई छ। उनले उठाएको भ्रमणभत्तामा अधिकांश रकम विमानकै रहेको छ।

प्रदेशसभा सचिवालयका अनुसार मधेश प्रदेशसभाको दोस्रो कार्यकालमा कुल १६५ बैठक बसेको छ भने सो अवधिमा २७ वटा विधेयक पेश भएकोमा मात्र १६ वटा कानुन निर्माण भएका छन्।

प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो बैठक २०७९ पुस १८ गते बसेको थियो। पहिलो अधिवेशनमा ३६ वटा बैठक, दोस्रोमा १४, तेस्रोमा ३४, चौथोमा २३, पाँचौंमा २२, छैटौंमा २० र जारी सातौं अधिवेशनमा अहिलेसम्म १६ वटा बैठक बसेको छ।

चार विधेयक दर्ता भएका छन् भने तीन विधेयक सभामा पेस भएको छ। एक विधेयक पेस हुन बाँकी छ। दुई विधेयक सरकारले फिर्ता लगेको छ र एक विधेयक विषयगत समितिमा रहेको समितिको भनाई छ।

पहिलो कार्यकालमा मधेश प्रदेशसभाले करिब ५६ कानुन निर्माण गरेको थियो।

प्रदेशसभा सञ्चालन सरकारमा निर्भर रहने प्रदेशसभा प्रवक्ता विपिन ठाकुरले बताए। 'प्रदेश सभाको बैठक र कानून पारित प्रदेश सभाभन्दा पनि सरकारमा भर पर्छ' उनले भने, 'सरकारले विधेयक र 'बिजनेस' दिएपछि मात्रै प्रदेशसभा प्रभावकारी रूपमा अघि बढ्न सक्छ।'

## पेन्सन पट्टा हराएको सूचना

सिरहाको बरियारपट्टी गाउँपालिका-३ निवासी लक्ष्मी नारायणा यादवको नाममा रहेको पेन्सन पट्टा नं. ३३४०४ हराएको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

उक्त पेन्सन पट्टा कसैले फेला पारेमा नजिकको प्रहरी कार्यालय वा सम्बन्धित व्यक्तिलाई बुझाइदिनुहुन अनुरोध गरिन्छ।

हराएको उक्त पेन्सन पट्टाको दुरुपयोग नगर्न सबैमा अनुरोध गरिन्छ। कसैले दुरुपयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिनेछ।

## रास्वपा नै सत्तापक्ष, रास्वपा नै .............

मेरिटोक्रेसी भनिए पनि नियुक्ति प्रक्रिया देखावटी मात्रै भएकोमा समेत सांसदहरू रुष्ट भएका छन्।

### सदनदेखि सञ्जालसम्मै विरोध

प्रधानमन्त्री बालेनले भारतको भूमि नेपालले मिचेको छ भन्ने कुराले लामो समय विवाद सिर्जना गऱ्यो। सो आरोपपछि संसदमा उभिएर प्रस्ट पार्न दबाब बढ्यो। तर, उनले मानेनन्। ढिलो गरी परराष्ट्रमन्त्री शिशिर खनालले प्रस्टीकरण दिए। सो विवादले प्रधानमन्त्रीको सबैभन्दा बढी आलोचना भयो। रास्वपाभित्रै पनि प्रधानमन्त्रीको बचाउमा लाग्न सांसदहरूलाई कठिन पऱ्यो।

अर्कोतिर, पर्याप्त व्यवस्थापन नगरी सुकुम्बासीलाई हटाउँदाको असर पनि सरकारले बेहोऱ्यो। नदी किनारका बस्ती खाली गरेर होल्डिङ सेन्टरमा राखियो। तर, भत्ता दिएर ती सेन्टर पनि खाली गर्न खोजेपछि सरकारको आलोचना भयो। मनसुनको बढ्दो झरीबीच होल्डिङ सेन्टरमा बाढी र पानीले असर गरेपछि सुकुम्बासीमाथि अन्याय भएको कुरा रास्वपाभित्रै चर्को रूपमा उठ्न थाल्यो, जसको पहिलो उठान सचेतक क्रान्तिशिखा धितालले सामाजिक सञ्जालमार्फत गरिन्।

उनले अघिल्लो सोमबार सामाजिक सञ्जालमा लेख्दै सरकारविरुद्ध रोष प्रकट गरेकी थिइन्।

'आज सडकमा बगिरहेका सुकुम्बासीका आँसुले हामी सबैलाई पोल्नुपर्छ। सुकुम्बासीहरूको व्यवस्थापन अत्यन्तै आवश्यक थियो। तर, के यो हाम्रो वाचापत्रअनुसार भयो ? के अभिभावकीय राज्य यस्तै हुन्छ ?,' आफैँ नेतृत्वको सरकारलाई उनको प्रश्न थियो, 'जुन संवेदनशीलता, योजना र जिम्मेवारीका साथ यो कार्य अघि बढाइनुपर्थ्यो, त्यसरी भएन। यसले जम्माजम्मी राज्यको कमजोरी र असक्षमतालाई मात्र उजागर गऱ्यो।'

अर्का सचेतक परियारले पनि मिडिया हाउसअगाडि गाडी तेर्स्याएको विषयमा आपत्ति जनाएका थिए।

'आफू नमरी स्वर्ग देखिँदैन भनेझैं, लोकतन्त्रको रक्षाका लागि हामी आफैं अग्रसर भएर प्रेस स्वतन्त्रताको प्रतिरक्षा गर्न तयार छौं। समस्या कहाँ छैन र ? हो, सञ्चारमाध्यममा समस्या छन्, महात्मा गान्धीले भनेका थिए- प्रेस एउटा ठूलो शक्ति हो, तर जसरी अनियन्त्रित पानीको भेलले सम्पूर्ण गाउँ डुबाउँछ र बाली नष्ट गर्छ,' उनले भनेका छन्, 'त्यसैगरी अनियन्त्रित कलमले विनाश मात्र गर्छ।' हो, प्रेस सच्चिने ठाउँमा सच्चिनैपर्छ, यो हाम्रै दायित्व हो।'

सचेतक नै आफ्नै सरकारविरुद्ध मुखर भएपछि अरु सांसदलाई पनि आवाज उठाउन सहज भएको थियो। त्यसपछि अर्का सचेतक प्रकाशचन्द्र परियार, सांसदहरू सुलभ खरेल, जगदीश खरेल, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, सृष्टि भट्टराई, सुलभ खरेल, सुशान्त वैदिकसहितका सांसदले चर्को रूपमा सरकारको कमजोर कार्यशैलीको विरोध गरेका हुन्।

गणेश नेपालीको आत्मदाहलाई सामान्यीकरण गरेको, होल्डिङ सेन्टरको अवस्था बुझ्न पुगेका माजिद अन्सारीमाथि प्रहरीद्वारा हातपात भएको, सुकुम्बासीमाथि अन्याय भएको, गृहमन्त्री सुधन गुरुङले जनताको गुनासोलाई बेवास्ता गरेको आरोप रास्वपाकै सांसदहरूले लगाएका हुन्। अर्का सांसद अमरेशकुमार सिंह त विपक्षी सांसदसँगै विरोधमा उठेका थिए। सिंह सरकार बनेदेखि नै सरकारको आलोचनामा खुलेर बोल्दै आएका छन्।

संसदमै पनि रास्वपामा प्रस्ट दुई धार देखिएको छ। संस्थापक रवि लामिछानेनिकटले सरकारको कार्यसम्पादनमा प्रश्न उठाएका छन्। तर, बालेननिकट सांसदहरू भने बचाउमा उत्रिएका छन्। धेरै नै आलोचना भएपछि मंगलबार भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले सरकारले नतिजा दिने गरी काम गरेको बताएका थिए। नेपालको आत्मदाह कुनै एउटा घटनाले मात्रै नभएको भन्दै यसैका आधारमा सरकारको आलोचना नगर्न उनले भनेका थिए। सरकारले नीतिगत सुधार गरेरै नागरिकलाई परिणाम दिइरहेको उनको दाबी थियो।

मंगलबार मात्रै सांसद सुशान्त वैदिकले नागरिकको आत्मदाहदेखि आत्महत्यालाई मानसिक र व्यक्तिगत समस्याको रूपमा लिन नहुने बताएका थिए। 'गम्भीर प्रकृतिका यस्ता घटनालाई व्यक्तिगत भनेर कम्तीमा राज्य पन्छिन मिल्दैन। अवसरको ढोका बन्द हुँदै गएपछिको पीडा पनि हो,' वैदिकले भनेका थिए, 'यसैले राज्यले नागरिकलाई सुन्नुपर्छ। नागरिकले संवाद गर्न खोज्दा उनीहरूको कुरा सुन्नुपर्छ।'

अघिल्लो दिन आलोचना भएपछि भोलिपल्ट प्रधानमन्त्रीनिकटका सांसद बचाउमा लागेका थिए। उनले त्यस्तो भनेकै भोलिपल्ट रास्वपाका अर्का सांसद केपी खनालले मानसिक स्वास्थ्यका बारेमा गहिरो चिन्तन गर्नुपर्ने बताए। बढ्दो डिप्रेसन, चिन्ता, आत्मदाहले समाजलाई अझै संवेदनशील बनाएको छ। यसविरुद्ध काम गर्ने संस्था राजधानीकेन्द्रित भएका छन्,' उनले भने, 'यसैले ढिलाइ नगरी मानसिकसम्बन्धी नीतिमा परिमार्जन गर्नुपर्छ। वर्तमान चुनौतीलाई सम्बोधन गर्न मानसिक स्वास्थ्य परिषद्को गठन गर्न राज्यलाई अनुरोध गर्दछु।'

रास्वपाकै एकथरी सांसदले समस्यामा केन्द्रित हुन माग गरिहेको बेला अर्का थरी सांसद मानसिक स्वास्थ्यका कारण समस्या आएको भाष्य सिर्जनामा लागेका हुन्।

रास्वपा सांसद सन्तोष राजवंशी सरकारको बचाउमा उत्रिएका थिए। 'हामी जित्न र देशलाई जिताउन आएको हो। तीन महिना सकिएको छ, अझै ५७ महिना बाँकी छ। तर १०, २० मिनेटमा नतिजा आउँदैन। ९० मिनेटमा नतिजा आउँछ,' उनले भने, 'फाइनल मिनेटमा भए पनि हाम्रा टिम क्याप्टेनले सुशासन, समृद्धि र सामाजिक न्यायको गोल हान्नुहुन्छ।'

### गृहमन्त्रीको भनाइले भड्किए सांसद

नेपालीको आत्मदाहपछि गृहमन्त्री सुधन गुरुङले संसदबाटै सरकारले गरेको प्रयत्नबारे जानकारी गराएका थिए। तर, उनले विपक्षीसँगै रास्वपाकै सांसदले आलोचना गरेकोमा आपत्ति जनाएका थिए।

'अगाडि ठिक्क पार्नुहुन्छ। तर, पर्दापछाडि आलोचना गर्नुहुन्छ। कम्तीमा हाम्रै मान्यले यस्तो नगरिदिनुस्,' गुरुङले भनेका थिए। पार्टीका सांसदलाई इंगित गर्दै उनले आरोपित गरेपछि धेरै सांसदहरू भड्किन पुगेको नेताहरू बताउँछन्। स्टन्टभन्दा नतिजा दिएर काम गर्नुपर्ने गरी मंगलबार बुधबार धेरै सांसदहरूले आवाज उठाएका थिए।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# जनकपुरको ऐतिहासिक बाह्रबिघा मैदान डम्पिङ साइटमा परिणत

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ३१ गते**

मधेश प्रदेशको राजधानी जनकपुरधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले नेपालकै महत्त्वपूर्ण सहर हो । हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र माता सीताको जन्मभूमिका रूपमा विश्वभर प्रसिद्ध यो सहरमा हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी धार्मिक पर्यटक आउने गर्छन् । जनकपुरकै बिच भागमा रहेको जानकी मन्दिर यो सहरको मुख्य आकर्षणको केन्द्र हो ।

'५२ कुटी, ७२ कुण्ड' को उपमा पाएको यो सहरभित्र विभिन्न मठ-मन्दिर, पोखरी तथा धार्मिक सम्पदा छन् । जानकी मन्दिरबाट करिब ५ सय मिटर पश्चिममा रहेको ऐतिहासिक बाह्रबिघा रंगभूमि मैदान फोहरले ढाकिएका कारण सहरको सौन्दर्य बिगारेको मात्र होइन, सहरप्रति नै पर्यटक विकर्षित हुने गरेका छन् ।



मन्दिर दर्शन गर्न जाने मुख्य मार्गमै पर्ने यो रंगभूमि मैदानको दुर्दशाले मधेश प्रदेशमा हुने विकास र संरक्षणको अवस्था झल्काएको छ । बाह्र बिघा मैदान अहिले फोहर फाल्ने डम्पिङ साइटका रुपमा परिणत भएको छ । यो मैदान प्रवेश गर्ने मुख्यद्वारमै फोहरको डंगुर थुप्रिएको पाइन्छ भने भित्र छिर्नासाथ मास्क किन लगाएर आएएन भन्ने पिरलो हुन्छ ।

मैदानभित्रै दर्जनौंको सङ्ख्यामा भैंसी, गाई, बाखा चरिरहेका पाइन्छन् । मैदान वरिपरि कैयौं निजी अस्पताल छन् । तीमध्ये कतिपय अस्पतालले सङ्क्रमणयुक्त फोहर पनि यही मैदानमा विसर्जन गर्ने गरेका छन् ।

वर्षाको बेला विसर्जन गरिएका अस्पतालजन्य फोहोर बाह्रबिघा मैदानमा जमेको पानीमा तैरिइरहेको देखिन्छ । यही बाह्र बिघाको बिच बाटो प्रयोग गर्दै पर्यटक तथा नगरवासी आउजाउ गर्छन् । वर्षायाम सुरु भएसँगै यो बाटो प्रयोग गर्नेहरुले निकै सास्ती व्यहोर्नुपर्छ ।

बाह्रबिघा छेउमै रहेको वडा नं १० का स्थानीय राजु कर्णले भने, 'पञ्चायतकालमा त बरु यो बाह्रबिघा केही हदसम्म संरक्षित र सफा थियो, तर अहिले प्रदेश सरकारसँगै स्थानीय तह त्यति बलियो भएर आएको छ, तै पनि यसको संरक्षणमा ध्यान पुगेको छैन ।'

यसको व्यवस्थापन नहुनुमा मुख्य दोषी जनकपुर उपमहानगरपालिका, बृहत्तर क्षेत्र विकास समिति रहेको कर्ण बताउँछन् । उनले भने, 'यस्तो ऐतिहासिक स्थलको मुख्य संरक्षण गर्ने दायित्व उनीहरुको हो नि । जनप्रतिनिधि नै यो बाह्रबिघा छेउको बाटो प्रयोग गर्दै दिनहुँ हिँड्छन् । गाडीमा कुद्छन्, तर यसको संरक्षण र सम्बर्धनमा उनीहरुको ध्यान जाँदैन ।'

कुनै समय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, राजनीतिक सभा तथा विभिन्न सार्वजनिक गतिविधिको केन्द्र बन्ने गरेको यो मैदान अहिले दुर्गन्ध, फोहोर र बेवास्ताको प्रतीक बनेको छ ।

'यो मैदानले क्रिकेट र फुटबलका धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी जन्माएको छ । ती खेलाडीले नेपालको नाम दुनियाँभरि फैलाएका छन्, तर अहिले यसको दुर्दशा हेर्दा देश हाँक्ने खेलाडीहरुप्रति भने रिस उठेर आउँछ,' स्थानीय खेलकुदकर्मी रमेश मल्लिकले भने, 'यसको साख जोगाउन र यसको अवस्था सुधार्न स्थानीयवासी नै एकजुट हुनुको विकल्प छैन ।'

मैदान वरिपरि फैलिएको दुर्गन्धका कारण मैदानको छेउमा रहेको सडकमा दैनिक आवतजावत गर्ने सर्वसाधारण नाक थुनेर हिँड्न बाध्य हुन्छन् । नियमित सरसफाइ र उचित व्यवस्थापन नहुँदा राजधानीकै प्रमुख सार्वजनिक स्थलको अवस्था बेहाल छ । जनकपुरमा भव्यताका साथ मनाइने विवाह पञ्चमी, सरसफाइ दिवस, कुनै विशेष समारोहमा यो मैदान सरसफाइ गरिन्छ तर त्यसरी एक दिन सफाइमा जुटेर अन्य दिन फोहर थुपार्नु गैरजिम्मेवारीको हद भएको जनकपुर-४ का स्थानीय अमरेशकुमार सिंहले भने ।

'बाह्रबिघालाई व्यवस्थित बनाउने हो भने पहिला यसमा माटो भर्ने, चारैतिर जम्ने पानीको निकास व्यवस्थापन गरेपछि बल्ल यसको अवस्थामा सुधार आउँछ,' उनले भने ।

सरकार परिवर्तन भए, देशमा संघीयता पनि आयो, जनप्रतिनिधि फेरिए, विभिन्न विकास निर्माण र योजनाहरु घोषणा भए, तर बाह्रबिघा मैदानको सुधारका लागि प्रभावकारी काम कतैबाट हुन सकेको छैन । मैदानको संरक्षण, सौन्दर्यीकरण र सरसफाइका विषयमा सम्बन्धित निकायले चासो नदिएको भन्दै नागरिकमा असन्तुष्टि देखिएको छ ।

स्थानीय सामाजिक अगुवा सरोज मिश्रले भने, 'बाह्रबिघाको स्वामित्वको विवादलाई स्थानीय तह र बृहत्तर क्षेत्र विकास समितिले जुँगाको लडाइँ बनाएपछि यसको विकासमा अवरोध भएको हो ।' उनले गत वर्ष प्रदेश सरकारले यसको संरक्षणका लागि बजेट छुट्याए पनि यी दुई संस्थाकै कारण काम हुन नपाएको गुनासो गरे ।

एक दशक अघि बाह्रबिघा मैदानको चारैतिर रहेको पर्खालको अवस्था जीर्ण बनेपछि भारतीय राजदूतावासले ५० करोड रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइ बाह्रबिघा मैदानमा पर्खाल, गंगासागर र धनुषसागर पोखरीका डिल निर्माणको काम भएको थियो । तर ती काम गुणस्तरहीन भएपछि तत्कालीन बृहत्तर क्षेत्र विकास समितिका अध्यक्ष दिगम्बर रायसहित १३ जनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

मधेश प्रदेशकै राजधानी त्यसमा पनि सांस्कृतिक, धार्मिक स्थलको धरोहर यस ऐतिहासिक स्थलप्रति प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका, सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायको ध्यान किन पुग्न सकेन भन्ने प्रश्न अहिले स्थानीयले उठाइरहेका छन् । सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनमा देखिएको उदासीनताले राजधानीको छविमै असर पुगको उनीहरूको भनाइ छ ।

बाह्रबिघा जस्तो ऐतिहासिक स्थल अहिले भारत तथा अन्य जिल्लाबाट आउने पर्यटकहरुका बस, जिप,तथा नगर क्षेत्रमै चल्ने ईरिक्साहरुको पार्किङ स्थल बनाइएको छ । रामानन्द चोकबाट जानकी मन्दिर जाने मूल सडकमा पर्ने यो मैदानको मुख्यद्वारमा दर्जनौं ४ पाङ्गे ठेलामा फलफूल, कपडा लगायतका सामानको व्यापार हुने गरेको छ । जानकी मन्दिर दर्शन गर्न आउने हजारौं पर्यटकले बाह्रबिघा मैदानको अस्तव्यस्त अवस्था देखेर दिक्क मान्ने गरेका छन् ।

भारतको उत्तर प्रदेशबाट जानकी मन्दिर दर्शन गर्न आएका रामउदार साह बाह्रबिघामै पार्किङ गरिएको बसबाट ओर्लन नपाउँदै नाक थुन्न बाध्य भए । उनले भने, 'तिर्थस्थल भनेपछि अलि व्यवस्थित हुनुपर्छ नि, कस्तो फोहोर र दुर्गन्ध भएको ठाउँ रहेछ ।'

बाह्रबिघा मै पार्किङ गर्ने ईरिक्सा, ट्याक्सी तथा एम्बुलेन्स चालकहरुले पनि ऐतिहासिक मैदान दुरावस्थामा पुगेको भन्दै चिन्ता प्रकट गरे । राजधानीको पहिचान केवल प्रशासनिक केन्द्रका रूपमा मात्र नभई सार्वजनिक स्थलको संरक्षण, सुरक्षित वातावरण, पूर्वाधार र विकास निर्माणले वास्तविक छवि निर्माण गर्ने हुँदा ऐतिहासिक बाह्रबिघा मैदानको संरक्षण र व्यवस्थापनमा सबै निकाय एकजुट हुनुपर्ने स्थानीयबासीको सुझाव छ ।




## ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनबाट एक हजार ............

खण्डको निर्माण कार्य अगस्ट २०२६ सम्म सम्पन्न हुने र नयाँ बुटवल सबस्टेशनको ४०० के.भी. निर्माण कार्य डिसेम्बर २०२७ सम्म सम्पन्न हुने देखिएकाले सो समयसम्मका लागि यस प्रसारण लाइनलाई २२० किलोभोल्टमा सञ्चालन गर्ने प्राविधिक सहमति भएको पनि विज्ञप्तिमा उल्लेख छ ।

उक्त प्रशारण लाइन उपयोग गरी १३० मेगावाट सम्म विद्युत आयात गर्न सकिने र २०० मेगावाट सम्म विद्युत् निर्यात गर्न सकिने गरी निर्माण कार्य अगाडी बढाउने सहमति भएको पनि जनाइएको छ ।

सन् २०१४ मा सम्पन्न नेपाल-भारत विद्युत् व्यापार सम्झौताको दफा ५ मा भएको व्यवस्था अनुसार सम्झौता कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न गठित सचिवस्तरीय समिति संयुक्त स्टेयरिङ कमिटी तथा सहसचिवस्तरीय कार्यदल गठन गरिएको थियो ।

यी दुवै संयन्त्रको बैठक दुई देशमा पालैपालो बस्ने सहमति छ । प्रत्येक ६-६ महिनामा बस्नुपर्ने बैठक यसअघि २०८१ को माघमा भारतको नयाँदिल्लीमा बसेको थियो ।

## मिटरब्याज पीडितलाई गृहमन्त्रीको आश्वासन-समस्या ..............

सोहन शर्माले सुरुमा दिउँसो १२ बजे र त्यसपछि अपराह्न ४ बजे आउने भनिए पनि साँझसम्म गृहमन्त्री नआइपुग्दा अन्योल बढेको बताएका थिए ।

यद्यपि, 'मिटरब्याज पीडित विरुद्ध किसान मजदुर आन्दोलन नेपाल' का केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले जनकपुरदेखि काठमाडौंसम्मको पैदल यात्राको नेतृत्व गरिरहेका पीडितहरू वार्ताबाट ठोस सम्बोधन हुने आशामा रहेको उल्लेख गरे ।

मधेश प्रदेशका नेपाल प्रहरी प्रमुख डिआईजी ओम अधिकारीका अनुसार गृहमन्त्री अन्य महत्त्वपूर्ण स्थानीय कार्यक्रमहरूमा व्यस्त भएका कारण निजगढ पुग्न ढिलाइ भएको थियो ।

निर्धारित वार्ताको समय पन्छाएर गृहमन्त्री गुरुङले बुधबार वीरगन्ज-पथलैया औद्योगिक करिडोरमा रहेका जगदम्बा स्टिल र हुलास उद्योग लगायतका उद्योगहरूको अनुगमन गरेका थिए ।

अनुगमनकै क्रममा उनले सिमरा भएर बग्ने सिर्सिया खोलाको जितपुरस्थित 'लालका पुल' नजिकै पुगेर स्थलगत निरीक्षण समेत गरे । त्यहाँ स्थानीय बासिन्दाले औद्योगिक प्रदूषणका कारण सिर्सिया नदी अत्यधिक प्रदूषित बनेको र जनस्वास्थ्यमा गम्भीर असर परेको गुनासो गृहमन्त्री समक्ष राखेका थिए । गृहमन्त्री गुरुङले वातावरण संरक्षण र जनस्वास्थ्यको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्न सम्बन्धित निकायहरूलाई निर्देशन दिए ।

उद्योग र खोला अनुगमन सकेर निजगढ आइपुगेका गृहमन्त्री गुरुङले पीडितहरूसँग सघन वार्ता गरेका हुन् । मागहरू पूरा गर्न मन्त्रिपरिषद्को निर्णय आवश्यक पर्ने बताएपछि उनी निजगढकै 'रुद्राक्ष होटल' मा बसेका छन् ।

## उच्च अदालत जनकपुरमा लक्ष्यभन्दा बढी .............

अदालतले लक्ष्यभन्दा बढी मुद्दा फछ्र्योट हुनु, पुराना मुद्दा शून्यमा झारिनु तथा फैसला दरमा सुधार आउनुलाई न्याय सम्पादनलाई प्रभावकारी बनाउने प्रयासको परिणाम भएको कामु मुख्य न्यायाधीश कुवरको भनाइ छ ।

समाजमा सचेतना बढ्नु, मेलमिलाप हुनु र पालिकाको न्यायपालिका प्रभावकारी कार्य सम्पादनको कारण घटेको उनले बताए । अर्को प्रविधि मैत्री बनाइएको कारण, वकिल टाढाबाट आउनु पर्ने झन्झट हटेकोले मुद्दा फछ्र्यौट सहज बनेको उनको भनाइ छ ।

बारसँग समन्वय र काममा रणनीति लक्ष्य अनुसार काम गर्दा प्रभावकारी भएको उनले बताए ।